समाज कल्याण परिषद्

भृकुटीमण्डप संचालन कार्यालय

**गोप्य शिलबन्दी दरभाउपत्रको शर्तहरु**

समाज कल्याण परिषद् मातहतको प्रदर्शनी हल भित्र बिद्युत तथा शौचालय मर्मत संभार (Repair and Renovation) कार्य गर्नुपर्ने भएकोले उक्त कार्य गर्नका लागि ईच्छुक नेपाल सरकारबाट इजाजत प्राप्त सम्वन्धित कार्य गर्न योग्य फर्म/कम्पनीले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १०:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको खरिद प्रणली htts:bolpatra.gov.np/egp मार्फत गोप्य सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सूचित गरिन्छ। दरभाउपत्र सम्वन्धी शर्तहरु निम्न बमोजिम रहेको छ।

**बोलपत्र सम्बन्धी शर्तहरु :**

१. बोलपत्र फाराम सार्वजनिक खरिद अनुगमन कार्यालयको खरिद प्रणली htts:bolpatra.gov.np/egp मार्फत रु.१०००/- (अक्षेरुपी एक हजार मात्र) पछि फिर्ता नहुने गरि तिरी प्राप्त गर्न सकिने छ।

२. म्यादनाघी वा रितपूर्वक नआएको गोप्य सिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही हुने छैन।

३. गोप्य सिलबन्दी दरभाउपत्र पेश गर्दा लागत (इष्टिमेट) रकम भ्याट सहित जम्मा रु.१६४८४५३.८० (अक्षेरुपी सोह्र लाख अरचालिस हजार चार सय त्रिपन्न रुपैंया असी पैसा मात्र) लाई अधिकतम मानिने छ। रकम रु.४००००.०० जमानत धरौटी वापत परिषद्को ठमेल स्थित रा.बा. बैंक च.हि.नं. ११००००००४००१ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा ४५ दिनको परिषद्को नाममा जारी गरिएको बैंक जमानतपत्र पेश गर्नु पर्नेछ। बोलपत्र स्वीकृत भएमा सम्वन्धित फर्मले अपुग रकम थप गरी जम्मा ५ प्रतिशत रकम धरौटी वापत जम्मा गर्नु पर्नेछ।

४. गोप्य सिलबन्दी दरभाउपत्र साथ संलग्न आवेदन फाराम तथा बोलपत्रको फारम भरी नवीकरण भएको फर्म वा कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको ईजाजतपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व. ०७६/०७७ को कर चुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसूरमा आफूले सजाय नपाएको, कालो सूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्वघोषणापत्र पेश गर्नु पर्नेछ।

५. गोप्य सिलबन्दी दरभाउपत्र दररेट अंक र अक्षर दुबैमा स्पष्ट गरी लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

६. गोप्य सिलबन्दी दरभाउपत्रमा उल्लेख भए बमोजिमका काम आइटमको परिमाणमा कामको प्रकृति हेरी थपघट हुन सक्ने छ । बोलपत्र स्वीकृत भएपछि सम्झौतामा नभएका नयाँ थप काम गर्नु परेमा कार्यालयको पूर्व स्वीकृति लिई गर्न सकिने छ ।

७. प्रचलित कानून बमोजिम लाग्ने सबै प्रकारका करहरु फर्म/कम्पनी आफैंले सम्वन्धित निकायमा वुझाउनु पर्नेछ ।

८. शर्त सहित आएको गोप्य सिलबन्दी दरभाउपत्र स्वीकार गरिने छैन ।

९. प्राप्त गोप्य सिलबन्दी दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार परिषद्मा निहित रहने छ ।

१०. गोप्य सिलबन्दी दरभाउपत्र स्वीकृत भएको जानकारी प्राप्त गरेको मितिले ७ (सात) दिन भित्र स्वीकृत गोप्य सिलबन्दी दरभाउपत्र दाताले सक्कलै प्रमाणपत्र सहित सम्झौता गर्न आउनु पर्ने छ । अन्यथा धरौटी वापतको रकम जफत गरी नियमानुसार काहवाही गरिने छ ।

११. **भृकुटीमण्डप स्थित ६ मिटर अग्लो प्रदर्शनी हलको सिलिङमा बिद्युतिय कार्यहरु प्यानल बोड, डि पी बोड एम सी बी फिटीङ्ग, स्वीच फिटिङ्ग हल भित्र र बाहिरको सौचालय मर्मत/निर्माण सम्वन्धी कार्य (दरभाउपत्र फाराममा उल्लेख भए अनुसार) नक्सा/इस्फेसिफिकेसन अनुसार गर्नुपर्नेछ ।**

१२. डिजाईन इष्टिमेटमा भए अनुसार भृकुटीमण्डप स्थित ठूलो हलको आकर्षणलाई समेत ध्यान दिनु पर्ने छ ।

१३. प्रदर्शनी हल मर्मत लगायत गोप्य सिलबन्दी दरभाउपत्र फाराममा उल्लेख भए अनुसारको अन्य कार्यको लागि कार्यादेश पाएको मितिले १५ देखि २१ दिनको अवधि भित्र कार्य सम्पन्न गरी सक्नु पर्नेछ ।

१४. मर्मत/निर्माण लगायतका कार्यहरु गर्दा भृकुटीमण्डप संचालन कार्यालयका प्राबिधिकसँग समन्वय गरी गर्नुपर्नेछ ।

१५. प्रदर्शनी हल मर्मत लगायत गोप्य सिलबन्दी दरभाउपत्र फाराममा उल्लेख भए अनुसारको अन्य कार्यको लागि आवश्यक कामदारको सुरक्षाको सम्पुर्ण व्यवस्था/जिम्मा गोप्य सिलबन्दी दरभाउपत्र दाता स्वयम्ले गर्नु, गराउनु/लिनुपर्नेछ । यस सम्बन्धमा कार्यालयसँग कुनै पनि माग दाबी गर्न पाइने छैन ।

१६. गोप्य सिलबन्दी दरभाउपत्र फाराम तोकिएको समय अवधि भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको खरिद प्रणली htts:bolpatra.gov.np/egp मार्फत खरिद गर्नु पर्नेछ । उक्त गोप्य सिलबन्दी दरभाउपत्र अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा भृकुटीमण्डप संचालन कार्यालयमा खोलिने छ । सो दिन बिदा परेमा कार्यालय खुलेको शुरु दिन सोही समयमा खोलिने छ । साथै उक्त दिनमा गोप्य सिलबन्दी दरभाउपत्र दाता निजहरुको प्रतिनिधिहरु उपस्थित नभएमा पनि परिषद्का कर्मचारी प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोल्न सकिने छ ।

१७. गोप्य सिलबन्दी दरभाउपत्र मुल्याङ्कन गर्दा न्युनतम लागत विधिको साथै सार्वजनिक खरिद ऐन/नियमावली अनुसार गरिने छ ।

१८. गोप्य सिलबन्दी दरभाउपत्र पेश गर्नु अगावैं इच्छुक बोलपत्रदाताले कार्यक्षेत्रको स्थलगत अवलोकन/निरिक्षण गरेपछि मात्र दर्ता गर्नु पर्ने छ ।

१९. कार्य सुरु गर्नु अगावैं पेश्की स्वरुप रकम उपलब्ध गराइने छैन । कार्य प्रगतिको आधारमा रनिङ्ग बिलको रकम भुक्तानी गरिने छ ।

२०. गोप्य सिलबन्दी दरभाउपत्र बुझाउनु अगाडी बोलपत्र दातामा केही दुबिधा भई प्रस्ट हुनु परेमा कार्यालय समयमा कार्यालयका प्राबिधिक कर्मचारीसंग बुझ्न सकिने छ ।

२१. स्विकृत गोप्य सिलबन्दी दरभाउपत्र दाताले सव कन्ट्रयाक्टमा काम दिन पाउने छैन ।

२२. भृकुटीमण्डप स्थित प्रदर्शनी हल भित्र बिद्युत तथा सौचालय मर्मत संभार (Repair and Renovation) कार्य गर्ने गराउने सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा परिषद्को निर्णय अन्तिम हुनेछ ।

२३. अन्य थप कुराहरु वुझ्न परेमा कार्यालयमा कार्यलय समयभित्र सम्पर्क राख्न सकिने छ ।

Social Welfare Council २०८१

समाज कल्याण परिषद्
भृकुटीमण्डप संचालन कार्यालय
भृकुटीमण्डप, काठमाडौं ।
फोन नं. ०१-४२२६२९७,४२२५२००